

- २ आयोजनालाई वित्तीय व्यवस्थापन, क्षमता १०५.५ मेगावाट................२
- तेस्रो साधारणसभा सम्पन्न................२

○ २०७१ मासर | ○ वष २/अङ्क ९

# एच.आइ.डि.सि.एल. न्यूजलेटर

## HYDROELECTRICITY INVESTMENT & DEVELOPMENT COMPANY LIMITED

## जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको

**द्वैमासिक ईपेपर**

*जलविद्युतको विकासबाट समृद्ध नेपालको निर्माणमा अघि बढ्दै*

# नेपाल पुर्वाधार सम्मेलनमा सहभागिता

CONFEDERATION OF NEPALESE INDUSTRIES

GOVERNMENT OF NEPAL

YOUTH COMMUNITY FOR NEPALESE CONTRACTORS

Partners

EUROPEAN UNION

Australian Government Department of Foreign Affairs and Trade

IFC International Finance Corporation

ADB

WWF

JICA

FICCI

Knowledge Partners

Platinum Sponsor

JCB




*नेपालका लागि चिनका राजदुत वु चुन्ताई कार्यक्रममा बोल्दै*

गत नोभेम्बर ११ देखि १२ तारिखसम्म काठमाडौंमा नेपाल पुवार्धार सम्मेलनको आयोजना गरिएको थियो । दुई दिने सम्मेलनमा नेपाल जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडीसीएल) नलेज साझेदारको रुपमा सम्मेलनमा सहभागी भएको थियो ।

नेपाल उद्योग परिसंघको आयोजनामा भएको सम्मेलनमा नेपाल सरकार, लगानी बोर्ड नेपाल, युथ कम्युनिटी फर नेपलिज कन्ट्रयाक्टर (वाईसीएनसी), जापान अन्तराष्ट्रिय सहयोग नियोग नियोग (जाईका) विश्व वन्यजन्तु कोष( डब्ल्यूडब्ल्यूएफ), नेपाल इन्जिनियरिग एसोसियसन (एनईए) नेपाल निर्माण व्यवसायी महासंघ, स्वतन्त्र ऊर्जा उत्पादक संस्था नेपाल, सोसाइटी अफ कन्सल्टिङ आर्केटेक्चरल इन्जिनियरिग फर्मस नेपाल र नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) को सहभागिता थियो ।

सो अवसरमा एचआईडीसीएलका प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपक रौनियार पुर्वाधार वित्तीय संयन्त्र सेसनमा पेनालिस्ट हुनुहुन्थ्यो । सो अवसरमा उहाँले एचआईडीसीएलको जलविद्यत् विकासमा केन्द्रीत भुमिकोका बारेमा आफना धारणा राख्नु भएको थियो । सम्मेलन ऊर्जा, सडक, विमानस्थल, पर्यटन, कृषिजन्य उद्योग, सहरी विकास र पानी व्यवस्थापनमा स्वदेशी तथा विदेशी लगानी परिचालन गरी नेपाललाई आर्थिक समृद्ध बनाउनमा केन्द्रीत थियो । सम्मेलनमा सरकारी निकाय, नीतिनिर्माता, विकास सहयोग नियोग, पुर्वाधार तथा रियलस्टेट विकासकर्ता, इन्जिनियर, परामर्शदाता, निर्माण व्यवसायी, बैंक तथा वित्तीय संस्था, द्विपक्षिय र वहुपक्षिय सहयोग नियोग र सञ्चारकर्मीको पनि सहभागिता थियो ।

## सरोकारवालासंग छलफल

कम्पनीको भावी रणनीति तय गर्न एचआईडीसीएल सञ्चालक समितिले २८ अक्टुवरमा सरोकारवालासंग छलफल कार्यक्रमको आयोजना गऱ्यो । छलफलमा सरकारी, निजी क्षेत्र, बैंकिङ र विमालगायत अन्य सरोकारवालाको सहभागिता थियो । बैठकको सञ्चालन एचआईडीसीएलका अध्यक्ष तथा ऊर्जा मन्त्रालयका सचिव राजेन्द्रकिशोर क्षेत्रीले गर्नुभएको थियो । बैठकमा जलविद्युत क्षेत्रमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न प्रवुद्ध विभिन्न व्यक्तिको सहभागिता थियो । विज्ञहरुसंग कम्पनीका विभिन्न विषयमा सल्लाह लिएर भविष्यमा योजना बनाउनु मुल उद्धेश्यक थियो ।
बैठकको सुरुवात गर्दै एचआईडीसीएलका सीईओ दीपक रौनियारले कम्पनीको गतिविधि र भावि योजना तथा कार्यक्रमका बारेमा जानकारी गराउनु भएको थियो । अध्यक्ष क्षेत्रीले कम्पनीको भावि योजना तथा कार्यक्रम तय गर्न र यसमा विश्व बैंक, अन्तराष्ट्रिय वित्त निगम (आईएफसी) र एसियाली विकास बैक (एडीबी) जस्ता दातृ निकायलाई सहभागी गराउनु रहेको जानकारी गराउनु भएको थियो ।
सो अवसरमा अर्थ मन्त्रालयका सहसचिव बैंकुण्ठ अर्याल, प्रधानमन्त्री कार्यलयका सचिव श्रीरन्जन लाकौल, नेपाल विद्युत् प्राधिकरणका निमित्त कार्यकारी निर्देशक रामचन्द्र पाण्डेय नेपाल बैंकर्स संघका उपाध्यक्ष उपेन्द्र पौडेल, स्वतन्त्र ऊर्जा उत्पादक संस्थाका अध्यक्ष खड्गबहादुर विष्टलगायतले आफनो धाराणा राख्नु भएको थियो । बक्ताहरुले एचआईडीसीएलको गतिविधि र यसले जलविद्युत् विकासमा खेल्न भुमिका, कानूनी, आर्थिक पक्षका बारेमा चर्चा गर्दै जलविद्यूत्मा लगानी बढाउन तत्काल आवश्यकता रहेको औल्याएका थिए । सो अवसरमा बक्ताले कम्पनीको प्राविधिक क्षमता बढाउनुपर्नेमा जोड दिएका थिए ।

## २ आयोजनालाई वित्तीय व्यवस्थापन, क्षमता १०५.५ मेगावाट

एचआईडीसीएल संलग्न दुई जलविद्युत् आयोजनालाई हालै लगानी जुटेको छ । लगानी सम्झौता भएका जलविद्युत् आयोजनामा २३.५ मेगावाटको सोलु र ८२ मेगावाटको तल्लो सोलु रहेका छन् । सोलु आयोजनाको लगानी सम्झौता २८ सेप्टेम्बरमा भएको थियो । लक्ष्मी बैंकको अगुवाईमा एचआईडीसीलगायत ७ बैंकले सहवित्तीयकरण अर्न्तगत ३ अर्ब ७ करोड रुपैयाँ ऋण लगानी सम्झौता गरेका छन् । सोलु आयोजनामा एचआईडीसीएलले २० करोड रुपैयाँ लगानी गर्दैछ ।
यसैगरी प्राइम कमर्शियल बैंकको एचआईडीसीएललगायत अन्य ५ नेपाली बैंकले सहवित्तीयकरण अर्न्तगत ८२ मेगावाटको तल्लोसोलुमा ३ अर्ब रुपैयाँ ऋण लगानी गर्ने भएका छन् । प्रारम्भीक सम्झौता डिसेम्बर ९, २०१४ काठमाडौंमा सम्पन्न भयो ।

## तेश्रो वार्षिक साधारणसभा सम्पन्न

एचआईडीसीएलको तेस्रो साधारणसभा कात्तिक ७ गते कम्पनीको केन्द्रीय कार्यलय काठमाडौंमा सम्पन्न भयो । सभाको अध्यक्षता ऊर्जा मन्त्रालयका सचिव राजेन्द्रकिशोर क्षेत्रीले गर्नुभएको थियो । बैठकमा सेयर सदस्यका अतिरित्त नियामक निकाय नेपाल राष्ट्र बैंकको तर्फबाट पनि सहभागिता थियो । प्रमुख कार्यकारी अधिकृत तथा कम्पनीका सचिव दीपक रौनियारले बैठकमा गणपुरक संख्या पुगेको घोषणा गरेपछि साधारणसभाको बैठक सुरु भएको थियो । सो अवसरमा कम्पनीका अध्यक्ष तथा ऊर्जा मन्त्रालयका सचिव राजेन्द्रकिशोर क्षेत्रीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । वार्षिक प्रतिवेदन पेश गरेपछि उहाँले छलफलका लागि खुला गर्नुभएको थियो । साधारणसभामा कम्पनीको सम्पुर्ण गतिविधि तथा प्रगतिका बारेमा छलफल भएको थियो । समग्रतामा सेयर सदस्यहरुले कम्पनीको कार्यसम्पादन सन्तोषजनको रहेको प्रतिक्रिया दिनुभएको थियो । सभाले सञ्चालक समितिबाट पेश भएको वार्षिक प्रतिवेदन र वित्तीय प्रतिवेदन स्वीकृत गर्नुका साथै चाटर्ड एकाउन्टेन्ट शैलेन्द्र उप्रेतीलाई लेखापरीक्षणमा नियुत्त गर्ने प्रस्ताव पारित गरेको थियो । यसैगरी सभाले गत आर्थिक वर्षमा गरेको नाफाबाट ५ प्रतिशत नगद लाभाँश दिने प्रस्ताव पनि पारित गरेको थियो ।

द्वैमासिक ईपेपर

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
बबरमहल, काठमाडौं
फोन: ९७७-१-४२५७०२४, ४२५७०२५ फ्याक्स:+९७७-१-४२६१०६० इमेल: info@hidcl.org.np URL:www.hidcl.org.np